*'समृद्ध तुलसीपुर : सबैका लागि, सँधैका लागि'*

# तुलसीपुर उपमहानगरपालिका
# नगरकार्यपालिकाको तर्फबाट
# दोस्रो कार्यकालको

**नगरसभाको ११ औ अधिवेशनको दोस्रो वैठकमा**

**उप प्रमुख श्री स्यानी चौधरीद्वारा प्रस्तुत**

आ.व. २०७९/८० को

# विनियोजन वजेट वक्तव्य

२०७९ असार १० गते

## तुलसीपुर उपमहानगरपालिका

२०७९

**<u>नगर सभाका अध्यक्षज्यू, सभासद्ज्यूहरु,</u>**

(१) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनासँगै स्थानीय तहका सार्वभौम जनताले अनुमोदन गरि पठाएका जनप्रतिनिधिका हैसियतले सम्मानित नगरसभा समक्ष आर्थिक वर्ष २०७९/८० को वजेट प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु ।

(२) यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि ज्यानको आहुति दिने ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु । लोकतन्त्र, गणतन्त्र र संघीयता प्राप्तीको अभियानमा नेतृत्व गर्ने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले पुर्‍याउनुभएको योगदानप्रति आभार व्यक्त गर्दछु ।

(३) तुलसीपुर उपमहानगरपालिकाको विकास, समुन्नति र समृद्धि नै हाम्रो मुख्य गन्तव्य हो । हामीले नेतृत्व गरेको अवका ५ वर्षमा हामी हाम्रा चुनावी प्रतिवद्धताको नजिक नजिक पुग्ने प्रयासमा गर्नेछौ । जनताले अनुमोदन गरेका हाम्रा चुनावी प्रतिवद्धताहरु नै हाम्रा मार्गनिर्देशन हुन् ।

(४) युगान्तकारी परिवर्तनको जगमा बसेर आर्थिक, सामाजिक,साँस्कृतिक लगायत सबै प्रकारका विभेद, अशिक्षा, गरिबी, पछौटेपनको अन्त्य गर्दै तुलसीपुर विकासको महाअभियानमा अगाडि वढ्न 'खुसी जनताः समृद्ध तुलसीपुर, *हाम्रो तुलसीपुर : राम्रो तुलसीपुर '* भन्ने सोचका साथमा जनताका चाहना एवम् आवश्यकतामा केन्द्रीत भएर हामीले काम गरेका छौ । विकासका हरेक सूचकलाई छुने गरी हरेक क्षेत्रलाई समेटेर समावेशी विकासको अवधारणाका आधारमा वजेट तर्जुमा गरेका छौ । संयुक्त राष्ट्रसंघले लिएको दिगो विकासको लक्ष्यका सूचकहरु हाम्रो वजेट निर्माणका आधार हुन् ।

(५) दिगो शान्ती , सुशासन, विकास र समृद्धि र जनताको खुसी हाम्रो आगामी यात्रा हो । हामीले गरेका हरेक कामहरुले यिनै कुराहरुलाई समेटेका हुन्छन् । हामीले सामान्य जनताले पनि संघीयताको वेग्लै महसुस गर्न सकुन् भन्ने सोचका साथमा आर्थिक वर्ष २०७९/८० को वजेट तर्जुमा गरेका छौ ।

अब म ***'समृद्ध तुलसीपुर : सबैका लागि, सँधैका लागि'*** भन्ने मुल अभियानका साथ आर्थिक बर्ष २०७९/८० को लागि विनियोजित बजेटको विवरण यो सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(६) अब म यहाँहरु समक्ष आर्थिक वर्ष २०७९/८० को अनुमानित आय र व्यय विवरण प्रस्तुत गर्न चाहन्छु । यस आर्थिक बर्षको कुल वजेट रु. १ अरब ८६ करोड ४७

लाख, ७९ हजार अनुमान गरिएको छ । जसमा आन्तरिक श्रोतबाट रु. ३० करोड १२ लाख, स्थानीय तह राजश्व वाडफाड मालपोत रजिष्टेशनवाट रु. १० करोड, अल्या बैक मौज्दात रु. ४ करोड ५० लाख गरि कुल आन्तरिक आम्दानी रु. ४४ करोड ६२ लाख अनुमान गरिएको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदानहरुमा समानिकरण अनुदान रु. ३३ करोड ६२ लाख, सशर्त अनुदान रु. ६२ करोड ९१ लाख, समपुरक अनुदान रु. १ करोड ६० लाख, विशेष अनुदान रु. १ करोड ३० लाख र राजश्व बाँडफाड रकम रु २३ करोड ५५ लाख ३ हजार, त्यसै गरि प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरुमा समानिकरण अनुदान रु. १ करोड ५६ लाख, सशर्त अनुदान रु. १ करोड ६० लाख, समपुरक अनुदान रु. ३ करोड, विशेष अनुदान रु.८० लाख र राजश्व बाँडफाड रकम रु ३ करोड ३१ लाख ७६ हजार र अन्य संघ संस्था अनुदानमा नगरविकास कोष ऋण रु.७ करोड,युनिसेफ अनुदान रु. ६० लाख र सडक वोर्ड नेपाल रु. १ करोड प्राप्त हुने अनुमान गरि कुल आम्दानी वजेट अनुमान गरिएकोमा व्यय तर्फ कार्यालय संचालन र प्रशासनिक खर्च रु. २७ करोड ८ लाख ३२ हजार नगर विकास कोष सावा व्याज किस्ता भुक्तानी रु ७७ लाख २३ हजार, चालु नगर स्तरीय कार्यक्रम खर्च रु.१ करोड ६५ लाख ७७ हजार, सवै महाशाखा र शाखाहरुको प्रशासनिक र कार्यक्रम खर्च रु.१८ करोड ९८ लाख ६८ हजार, वडा स्तरीय प्रशासनिक,योजना तथा कार्यक्रम खर्च रु.१३ करोड ३० लाख, नगर स्तरीय योजना तथा कार्यक्रम खर्च रु ३ करोड ८५ लाख ५४ हजार २ सय ७६, दायित्व गत आ.व.का योजना कार्यक्रम खर्च रु.३० करोड, केन्द्र प्रदेश र अन्य समपुरक योजनाको खर्च रु. ८ करोड ५० लाख, गत आ.व.भुक्तानी वाकि खर्च रु.२ करोड ५१ लाख २४ हजार ७ सय २४, संघिय सरकार सशर्त,विशेष र समपुरक योजनाको खर्च रु. ६५ करोड ८१ लाख, प्रदेश सरकार सशर्त,विशेष र समपुरक योजनाको खर्च रु. ५ करोड ४० लाख गरि कुल वजेट खर्च रु. १ अरब ८६ करोड ४७ लाख, ७९ हजार अनुमान गरिएको छ ।

(७) यसैगरि आर्थिक वर्ष २०७९/८० मा चालु तर्फका कार्यक्रमहरु,प्रशासनिक खर्च र कार्यालय संचालन तर्फ कुल खर्च रु. ४७ करोड ७२ लाख ७७ हजार अर्थात कुल वजेट खर्चको २५.५९ प्रतिशत रहेको छ, विकास र शसक्तिकरणका कार्यक्रमहरु, सशर्तका कार्यक्रमहरु तर्फ कुल खर्च रु.१ अरव ३७ करोड ९७ लाख ७९ हजार कुल वजेट खर्चको ७३.९९ प्रतिशत हुनेछ । यसै गरि वित्तिय खर्चतर्फ ७७ लाख २३ हजार विनियोजन गरिएको छ जुन कुल बजेट खर्च अनुमानको ०.४१ प्रतिशत हुन आउछ ।

यस वर्षको अनुमानित आय व्ययको विवरण अनुसुची १ मा संलग्न गरिएको छ ।

**नगरसभा अध्यक्षज्यू, सभासद्ज्यूहरु, अब म यो सम्मानित नगर सभा समक्ष गत आ.व. सम्म यस उपमहानगरपालकिावाट भएका महत्वपूर्ण कामका बारेमा जानकारी गराउन चाहन्छु ।**

१. तुलसीपुर उपमहानगरपालिकाको तुलसी ट्रेड टावरको ठेक्का सम्झौता भै काम सुरु भएको छ ।
२.तुलसीपुर विकास प्राधिकरणवाट तुलसीपुरको सडक विकास पूर्वाधारमा चालु आर्थिक वर्ष सम्म ४५ कि.मी. सडक कालोपत्रे भैसकेको छ ।
३.तुलसीपुर उपमहानगरपालिकाको वडा नं. १२ मा तुलसीपुर बहुप्राविधिक शिक्षालय (तुलसीपुर मेट्रो कलेज) को संचालन र व्यवस्थापनका लागि विभिन्न ५ संकायको पढाई संचालन गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ ।
४.तुलसीपुर उपमहानगरपालिकालाई खरको छानामुक्त नगर वनाउने अभियान अर्न्तगत जनता आवास कार्यक्रम मार्फत हालसम्म करिव ८९६ घरको खरको छानोमुक्त गर्नलाइ वजेट निकासा भै प्रक्रिया अगाडी वढेको छ ।
५. तुलसीपुर उपमहानगरपालिका यस आर्थिक वर्षमा तुलसीपुर बहुप्राविधिक शिक्षालय ( तुलसीपुर मेट्रो कलेज) बहुवर्षिय रुपमा निर्माण गर्नको लागि दोस्रो तला सम्मको निर्माणको कार्य भै भवन निर्माणको कार्य सम्पन्न हुने अवस्थामा रहेको छ ।
६. तुलसीपुर उपमहानगरपालिका र प्रदेश सरकारको विशेष अनुदानमा वडा नं. ४ को राप्ती आँखा अस्पतालमा ओपिडि भवन निर्माण र नेपाल रेडक्रस सोसाईटीमा रक्त सञ्चार सेवा केन्द्र तुलसीपुरको भवन निर्माण सम्पन्न भैसेको छ ।
७. तुलसीपुर उपमहानगरपालिका वडा नम्वर १० र ११ मा श्रीमणी अभय मार्ग निर्माणका लागि प्रदेश सरकारको समपुरक अनुदान र उपमहानगरपालिकाको म्याचिङको बजेटबाट बहुवर्षिय आयोजनाको रुपमा संचालन भएको यस आ.व.मा सम्पन्न भै सकेको छ ।

**सम्मानीत नगर सभाका अध्यक्ष एवम् सदस्यज्युहरु,**

अब म यहाँहरु समक्ष यस तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०७९/८० का लागि नगरसभाको प्रथम वैठकले पारित गरेको नीति तथा कार्यक्रम, दीगो विकासको लक्ष्य, नेपाल सरकारको विकास लक्ष्य प्राप्तीमा सहयोग पुऱ्याउन र नेपालको संविधानले अङ्गिकार गरेका मौलिक हक, नागरिकका कर्तव्य र नीति तथा कार्यक्रमहरुका साथै तुलसीपुर उपमहानगरपापिलकाको २५ बर्षे दिर्घकालिन रणनीतिक योजना तथा आबधिक योजनामा समावेश गरिएको ***समृद्ध तुलसीपुर : सबैका लागि, सँधैका लागि'*** बनाउनका लागि विनियोजित वजेट प्रस्तुत गर्न चाहन्छु । साथै कार्यक्रम र विनियोजित वजेटको विस्तृत विवरण स्थानीय **रातो कितावमा** समावेश गरिने व्यहोरा अवगत गराउँछु ।

**सामाजिक विकासः**

**स्वास्थ्य तथा पोषणः**

(८) विपन्न परिवारलाई तुलसीपुर उपमहानगरपालिका भित्रको हस्पिटल तथा स्वास्थ्य संस्थाबाट निशुल्क उपचार गर्न आवश्यक ब्यवस्था गरेको छु ।

(९) तुलसीपुर उपमहानगरपालिकाले स्थापना गरी सञ्चालनमा ल्याएको *१५ शैयाको तुलसीपुर भिमसेन मेट्रो अस्पताललाई स्तरोन्नती* गरि गुणस्तरीय, सर्वसुलभ र उपचारात्मक तथा निदानात्मक सेवा लगायत विशिष्ट सेवाहरु संचालन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

(१०) पालिकालाई निशूल्क शल्यकृयाका माध्यमवाट १ वर्ष भित्र मोतिविन्दुमुक्त समाजको रुपमा रुपान्तरण गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

(११) किशोर किशोरी मैत्री स्वास्थ्य सेवालाई प्रभावकारीरुपमा संचालन गर्न किशोर किशोरी सूचना तथा मनोसंकट सहयोग केन्द्र स्थापना गरिने छ । सोको लागी रकम विनियोजन गरिएको छ ।

(१२) स्वास्थ्य संस्थाहरुमा आधारभुत ल्याव सेवा संचालनको आवश्यक वजेट व्यवस्था गरिएको छ ।

(१३) नगरस्तरमा औषधि भण्डारण भवन निर्माण तथा खोप कोल्डचेन, अत्यावश्यक गुणस्तरिय औषधि, औजार तथा उपकरणको व्यवस्था गर्न बजेट बिनियोजन गरिएको छ ।

(१४) थारु समुदायमा रहेको सिकलसेल एनिमिया, हेमोफिलिया लगायतका रोगहरुका उपचार सेवालाई प्रभावकारी वनाउनका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

(१५) कोभिड १९ रोगको संक्रमण जनस्तरमा नफैलियोस् भन्नका लागि जनताको जीवन जोगाउँनका निम्ति स्वास्थ्य प्रवर्द्धन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

(१६) खानेपानी सरसफाइ तथा स्वच्छता वास कार्यक्रमको लागि वजेट व्यवस्था गरिएको छ ।

(१७) खानेपानी सेवा विस्तार अन्तरगत फुलवारी डिपवोरीङ तु.उ.न.पा. १३ लाइ रु. ५० लाख,राजपुर धारगाउ खानेपानी लाइ रु. २० लाख र अश्वारा खानेपानीलाइ रु. २० लाख वजेटको व्यवस्था भएको छ ।

(१८) स्वास्थ्य संस्थाहरवाट निशुल्क सूचीका औषधिहरु वितरण गरिने छ ।

(१९) मातृमृत्युदर, नवजात शिशुमृत्युदर घटाउन सुत्केरी पोषण प्रोत्साहन भत्ताका लागी आवश्यक वजेट विनियोजन गरिएको छ ।

(२०) ७० वर्षमाथीका जेष्ठ नागरिक, प्रसुति र नवजात शिशुलाइ विरामी पर्दा नगरभित्र आपतकालीन सेवाका लागी अस्पताल लैजान निशुल्क एम्वुलेन्स सेवाका लागी वजेट विनियोजन गरिएको छ ।

(२१) गर्भवती जाँचको निशुल्क ल्याव प्याकेज गर्भवतीसंग उपमेयर कार्यक्रमका लागी वजेट विनियोजन गरिएको छ ।

(२२) यातायात मजदुरलाइ लक्षित गरि स्वास्थ्य जाँचको स्वस्थ चालक सुरक्षित यात्रा प्याकेजका लागी वजेट विनियोजन गरिएको छ ।

(२३) तुलसीपुर नगरक्षेत्र भित्र निशुल्क सुरक्षित खानेपानी तथा चर्पी संचालन गरिने छ ।

(२४) मानसिक स्वास्थ्य सेवाका लागी दुई स्वास्थ्य संस्थामा मनोपरामर्श सेवा संचालन गर्न वजेट व्यवस्था गरिएको छ ।

(२५) विकट वस्तीमा निशुल्क विशेषज्ञ स्वास्थ्य शिवीर संचालन गरिने छ ।

(२६) स्वस्थ मुटु स्वस्थ जीवनका लागी मेयर मिनि म्याराथन दौड प्रतियोगताका लागी वजेट व्यवस्था गरिएको छ ।

(२७) जनस्वास्थ्य प्रवर्द्धनका लागी थेराप्युटिक योग साधना अभियानका लागी वजेट व्यवस्था गरिएको छ ।

**शिक्षाः**

(२८) विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्नका लागि यसै आर्थिक वर्षदेखि आधारभुत तह अन्तर्गत कक्षा १ देखि ८ सम्म पूर्ण रुपमा निशुल्क वनाउन आवश्यक रकम विनियोजन गरिएको छ ।

(२९) शिशु कक्षा सहयोगीहरुको क्षमता, दक्षता र कार्यको आधारमा शिशु कक्षा सहयोगी कार्यकर्ता ,विद्यालय सहायक कर्मचारी र कार्यलय सहयोगीलाई थप सेवा सुविधाका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

(३०) विद्यालयहरुलाई आवश्यक विज्ञान, कम्प्युटर प्रयोगशाला, पुस्तकालय, कक्षाकोठा लगायत अन्य भौतिक संरचनामा थप जोड दिदै त्यस्ता संरचनाहरुलाई बालमैत्री तथा अपाङ्गमैत्री बनाउनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

(३१) सामुदायिक विध्यालयका छात्राहरुको लागि निशुल्क सेनिटरी प्याड वितरणको कार्यक्रम निरन्तरता दिदै रु.७० लाख ६७ हजार वजेट विनियोजन गरिएको छ ।

(३२) विद्यालयको गुणस्तर अभिवृद्धि गर्नका लागि जनशक्ति व्यवस्थापन अनुदान कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक रकम विनियोजन गरिएको छ ।

(३३) विभिन्न विश्वविद्यालयसँग सहकार्य गरेर कृषि, वन विज्ञान, चिकित्सा, इन्जिनियरिंग, फुड टेक्नोलोजी, मेडिकल साइन्स जस्ता प्राविधिक शिक्षा सञ्चालनका लागि संघ, प्रदेश सरकारसँग सहकार्य गरेर आवश्यक वजेट व्यवस्था गरिनेछ ।

(३४) प्राबिधिक शिक्षा र उच्च शिक्षामा सामुदायिक बिद्यालयबाट सामुदायिक तथा सरकारी क्याम्पसमा अध्ययन गर्ने छात्रा, दलित, आदिवासी, जनजाति, शहिद परिवार, जनआन्दोलनका घाइते परिवारकालाई निशुल्क अध्ययन अध्यापन गर्न उपमेयर छात्रबृत्ती कार्यक्रम प्रदान गर्न आवश्यक रकम बिनियोजित गरिएको छ ।

(३५) स्थानीय भाषा र परिवेशमा आधारित पाठ्य सामाग्री निर्माणका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

(३६) मापदण्ड अनुसारको प्रधानअध्यापक नियुक्त गरी स्वयम्सेवक शिक्षक सट्टा भर्नाका लागि आवश्यक व्यवस्था गरिने छ ।

(३७) बिद्यालयमा बिद्यार्थीको पहुँच तथा टिकाउ दर बढाउन कार्यक्मकहरु ल्याइने छन् । सामुदायिक विद्यालयबाट एस इ ई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्रछात्राहरुलाई प्रोत्साहन गर्ने उपमेयर शैक्षिक प्रोत्साहन कार्यक्रमलाइ निरन्तता दिइनेछ ।

(३८) बिद्यालयहरुको भौतिक पूर्वाधारहरु भवन, शौचालय, पुस्तकालय, प्रयोगशालाहरुको निर्माण, मर्मत सम्भारका लागी आवश्यक बजेट ब्यवस्था गरिएको छ ।

(३९) नगर भित्र रहेका सामुदायिक बिद्यालयहरु लाई नमुना बनाउनका लागी पाइलटिङको रुपमा वडामा एक एक वटा तहगत नमुना विद्यालयको बिकास लागी आवश्यक ब्यवस्था गरिएको छ ।

(४०) आर्थिक सुशासन कायम गर्न लेखा सम्वन्धि काम गर्ने विद्यालयका कर्मचारीलाई लेखा तथा ब्यवस्थापन सम्वन्धि तालिमको लागी आवश्यक ब्यवस्था गरिएको छ ।

(४१) जोखिम, तथा विपतीको समय र शिक्षणप्रणाली लाइ समयसापेक्ष सञ्चालन गर्न डिजिटल पूर्वाधार विकास गदै सार्वजनिक शिक्षा लिने सवै वालवालिकाको लागि आवश्यक उपकरण सहित शिक्षकलाई प्रविधिमैत्रि वनाउने नीति लिन एक शिक्षक एक ल्यापटप कार्यक्रम लाई आवश्यक पर्ने रकमको लागी समन्वय गरिने छ ।

**यूवा तथा खेलकुद :**

(४२) मेयरकप प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड, विद्यालय भित्र अतिरिक्त क्रियाकलाप अर्न्तगतका खेलकुदहरु, वडा स्तरीय प्रतियोगिताहरु सञ्चालनका लागि रकम विनियोजन गरिएको छ ।

(४३) एक विद्यालय एक खेल शिक्षक नीति अवलम्बन गर्नका लागि आवश्यक व्यवस्था गरिएको छ ।

(४४) कम्तीमा एक शैक्षिक संस्था एक सामुदायिक उद्यम कार्यक्रमका लागि ५ लाख विनियोजन गरिएको छ।

(४५) राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएर पुरस्कृत भएका खेलाडीलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरताका लागि व्यवस्था गरिएको छ ।

(४६) युवा लक्षित विभिन्न कार्यक्रम र युवा संसद कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरणः**

(४७) लैगिक हिंसामा परेका महिलाहरुको उपचार तथा पुनस्थापनाका लागि उपमेयर महिला सुरक्षा आवास कार्यक्मलाइ लागि वजेट विनियोजन गरिएको छ ।

(४८) तुलसीपुरको अभियान, छोरीलाई विशेष सम्मान र सुरक्षा प्रदानका लागि स्मार्ट छोरी बिहेबारी बिस वर्ष पारी कार्यक्रमका लागि रकम विनियोजन गरिएको छ ।

(४९) श्रमिक र सडक बालबालिकाहरुलाई उचित व्यवस्थापन गरेर तुलसीपुर उपमहानगरपालिकालाई बालश्रममुक्त,सडक बालबालिका र सडक मानवमुक्त नगरका रुपमा घोषणा गर्नका लागि रकम विनियोजन विनियोजन गरिएको छ।

(५०) अपाङता भएका व्यक्तीहरुका लागि निशुल्क सहायक सामाग्री उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरिएको छ।

(५१) हेमोफेलिया अपाङता तथा दिर्घ रोगी अपाङता भएका व्यक्तीहरुका लागि निशुल्क औषधी उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरिएको छ।

(५२) दृष्टीविहीन सुस्तश्रवणशक्ती तथा बौद्धीक अपाङता भएका बालबालिकाहरुका लागि छात्रवृत्ती तथा आवासीय विद्यालयका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

(५३) ८४ वर्ष माथिका ज्येष्ठ नागरिकलाई सम्मानका लागि आवश्यक कार्यक्रम गर्न बजेट व्यवस्था गरिनेछ

(५४) ६० वर्ष पुगेका सबै ज्येष्ठ नागरिक र अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ सोको लागि आवश्यक वजेट बिनियोजन गरिएको छ।

(५५) बालश्रममुक्त वडा घोषणा कार्यक्रम र अल्पकालिन वाल गृह लागि आवश्यक वजेट व्यवस्था गरिएको छ।

(५६) बालमैत्री स्थानीय तह निर्माण, बाल सञ्जाल गठन, बालक्लबको क्षमता अभिवृद्धि, बालविवाह विरुद्धको अभियान सञ्चालनका लागि वजेट विनियोजन गरिएको छ।

(५७) बालविवाह, बालश्रम विरुद्ध र अन्य हानिकारक अभ्यास विरुद्धको अभियान सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ।

(५८) उपमहानगरपालिकाको शाखा,महाशाखाबाट सञ्चालन हुने योजना तथा कार्यक्रममा GESI audit बजेट परिक्षणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

## भाषा तथा संस्कृति र पर्यटन प्रवर्धन

(५९) तुलसीपुर उपमहानगरपालिकालाई पर्यटनको हवको रुपमा विकास गर्न घुम्न जाउँ तुलसीपुर अभियानलाई निरतरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।

(६०) पर्यटन प्रवर्द्धन र उद्यम विकास गर्न होमस्टेको विकासका लागि आवश्यक वजेट विनियोजन गरिएको छ।

(६१) तुलसीपुर उपमहानगरपालिकामा पर्यटन प्रबर्द्धन गर्न संघ, प्रदेश सरकारसँग सहकार्य गरि सम्भावित पदमार्गहरुको पहिचान तथा विकास गर्न गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ।

(६२) क्रान्ती संग्रहालय, दंगिशरण थारु संग्रहालय, जनजाति संग्रहालयको निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

(६३) परम्परागत कला, संस्कृतीको संरक्षण र विकासलाई निरन्तरता दिन  रकम विनीयोजन गरिएको छ ।

(६४) स्थानीय मौलिक लोपन्मुख भाषा, कला तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धनका लागि रकम विनीयोजन गरिएको छ ।

(६५) वडा नं.३ को खैरावाङ भगवती मन्दिरलाइ  रु. ७ लाख ५० हजार र गुरुङ गुम्वालाइ रु २५ लाख ५० हजार वजेट विनियोजन भएको  छ  ।

(६६) पर्यटन पुर्वाधार विकास अन्तरगत सुकौराकोट एतिहासिक थारु संग्रहालयको संरचना निर्माणको लागि रु. १० लाख विनियोजन भएको छ ।

(६७) तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्रका सबै मठ मन्दिर घार्मिक स्थलको विकास र संचालन खर्चको लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

(६८) सवैको कला संस्कृति भाषाको संरक्क्षण र विकासको लागि  रकम विनियोजन गरिएको छ ।

(६९) तुलसीपुर एयरपोर्टको स्तरोन्नतिको लागि आवश्वयक व्यवस्था गरिएको छ ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण

(७०) ज्येष्ठ नागरिक, असक्त, अपांगता भएका व्यक्ति, एकल महिला लगायतका समुदायका लागि सामाजिक  सुरक्षा वाफत आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(७१) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालनका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।

(७२) सामाजिक सुरक्षा तथा पञ्जिकरण प्रणालीलाई अनलाईन प्रणालीमा व्यवस्थित गर्न तथा सबै वडाका सचिवहरुलाई पञ्जिकरण तथा सामाजिक सुरक्षा सम्बन्धि सचेनामुलक अभिमुखीकरण गर्दै क्षमता अभिबृद्धि गर्न आवश्यक वजेट विनीयोजन गरिएको छ ।

## आर्थिक विकासः

### कृषिः

(७३) भूउपयोग नीति निर्माण गर्दै जग्गाको बर्गिकरण गरी कृषी उत्पादनको पकेट क्षेत्र निर्धारणलाई निरन्तरता दिन मौरी, बाख्रा र नया तरकारी वालीको पकेटका लागि रु.२५ लाख वजेट विनियोजन गरिएको छ ।

(७४) व्यासायिक कागति खेतिको लागि रु.१० लाख वजेट विनियोजन गरिएको छ भने धानवाली प्रवर्धन कार्यक्रमका लागि रु. २५ लाख वजेट विनियोजन भएको छ ।

(७५) उन्नत विउ विजन उत्पादनका लागि विउविजन उत्पादन केन्द्रको स्थापनाका गर्न रु.१० लाख बजेटको व्यवस्था गरिएको छ ।

(७६) नगर क्षेत्रमा माटो परिक्षण प्रयोगशाला स्थापना गरी माटो अनुकूल खेतीप्रणालीलाई विविधिकरण गरी कृषी उत्पादनको बृद्धि गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(७७) कृषी उत्पादनको उचित भण्डारण र व्यवस्थापन गर्न संघ, प्रदेश र निजी क्षेत्रको सहकार्यमा कोल्ड स्टोर स्थापनाका लागि आवश्यक रकमा विनियोजन गरिएको छ ।

(७८) बालीमा देखापर्ने रोग किराको प्रकोप नियन्त्रण तथा व्यवस्थापन गर्न बाली संरक्षण सेवालाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(७९) परम्परागत कृषीलाई आधुनिकीकरण, व्यवसायीकरणर बजार उन्मुख बनाउदै कृषी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न किसानहरुलाई यन्त्र, औजार तथा प्राबिधिक सहयोगलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(८०) कृषी उत्पादन वढाउन दक्ष जनशक्ती सेवा (विमा, तालिम, विउविजन) र पूर्वाधारको विकास तथा विस्तार गर्न आवश्यक बजेत व्यवस्था गरिएको छ ।

(८१) बेमौसमी खेतीलाई पबर्द्धन गर्न साथै मकै, तुलसी, बेसार, अदुवा, टिमुर लगाएत मसला खेती, उन्नत घाँस खेतिलाई र बगर खेतीलाई प्रोत्साहन गर्न, कृषि बिद्युत मिटर प्रयोग गरी सिचाई गर्ने कृर्षकहरुलाई फागुन देखि जेष्ठ सम्मको बिद्युत महशुल शत प्रतिशत भुक्तानी गर्न आवश्यक बजट विनियोजन गरिएको छ ।

**पशु पंक्षी विकास :**

(८२) पशु स्वास्थ्य सेवा प्रभावकारी बनाउन डिस्पेन्सरी सञ्चालन एवं प्रयोगशाला निर्माण तथा दुर्गम क्षेत्रमा घुम्ति शिविर सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(८३) पशु पंक्षीको नश्लसुधाका लागि कृतिम गर्भाधारण कार्यक्रम प्रभावकारी बनाउन तथा पशु उपचारका लागि आबश्यक औषधिहरु निशुल्करुपमा उपलब्ध गराउन आवश्वयक बजेट व्यवस्था गरिएको छ ।

(८४) बाख्रा, बंगुर, भैंसी स्रोत केन्द्रहरु स्थापना तथा पशुपालनको पकेटक्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न आश्वयक बजेट व्यवस्था गरिएको छ ।

(८५) कृषकले उत्पादन गरेको दुधको बजार व्यवस्थापन हुन नसक्ने अवस्थामा चिलिङ सेन्टर स्थापना गर्न लागत साझेदारी वापतको रकम रु. १५ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ ।

(८६) व्यवसायीक पशुपालनका लागि भकारो सुधारका कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ ।

(८७) व्यवसायीक पशु एवंम मत्स्य पालन फर्म/व्यवसाय आधुनिकीकरणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

(८८) मत्स्य विकासका लागि पोखरी बिस्तार एवं भुरा वितरण लगाएतका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(८९) एक स्वास्थ्य (One Health Concept) कार्यक्रमलाई प्रभावकारी बनाउदै जुनोटिक रोग नियन्त्रण कार्यक्रमहरु सन्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(९०) पशु आहारा विकास तथा पोषण सुधार कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

(९१) महामारीजन्य पशु रोग नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

(९२) वंगुर, बाख्रा र साना गाई फर्महरु प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत काम गर्न  आवश्यक रकम विनियोजन गरिएको छ ।

(९३) एक वडा एक प्राविधिक परिचालनका लागि आवश्यक वजेट ४ लाख ५० हजार विनियोजन गरिएको छ ।

(९४) पशु सेवा कार्यालय भवन निर्माणको लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

**सहकारी, रोजगार प्रवर्द्धन तथा गरिबी निबारणः**

(९५) सहकारी सम्बन्धि आवश्यक कानून तथा नीति निर्माण गरि सहकारी संस्थाहरुको क्षमता अभिबृद्धी कार्यक्रमका व्यवस्थापन सूचना प्रणाली वृदि गर्न लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(९६) संघिय तथा प्रदेश सरकारको समन्वयमा गरिब परिवार पहिचान तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

(९७) साना र समान उद्देश्य भएका मर्जर हुने सहकारीलाई अनुदान प्रदानका साथै एक घर कम्तीमा एक सहकारी सदस्य कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ ।

(९८) एक घर, एक रोजगारको अभियानलाई निरन्तरता दिइनेछ,. खाद्य उत्पादन बृद्धि, सुरक्षित भण्डारण गरी शुन्य भोकमरी अभियानका लागि श्रम  र खाद्य बैक मार्फत काम गर्नका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

**उद्योग तथा व्यवसाय प्रवर्द्धन**

(९९) स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगको स्तर उन्नतीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

(१००) तुलसीपुरमा २ वटा औद्योगिकग्रामको स्थापना, संञ्चालन तथा व्यवस्थापनको लागि  बजेट विनियोजन गरिएको छ ।

(१०१) तुलसीपुर उपमहानगरपालिका भित्रका सफल उद्यमी सम्मान कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ ।

**उपभोक्ता हित संरक्षणः**

(१०२) सुन्दर नगरको पहिचान, जोखिमयुक्त सडक, स्वस्थ बजारको निर्माण कार्यक्रम सञ्चालन गर्न वजेट  विनियोजन गरिएको छ ।

(१०३) विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गरि कालोबजारी नियन्त्रण गर्न आवश्यक रकम बिनियोजन गरिएको छ ।

(१०४) खाद्यबस्तुको नमुना संकलन तथा गुणस्तर परीक्षणका लागि रकम बिनियोजन गरिएको छ ।

**राजश्व परिचालन :**

(१०५) राजश्व प्रशासन सुधार, संक्षिप्त तथा प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन गर्न, नदिजन्य पदार्थको अवैध उत्खनन्लाई प्रबिधिमैत्री अनुगमन र नियन्त्रणको लागि आवश्यक वजेट बिनियोजन गरिएको छ ।

(१०६) करदातालाई डिजिटल प्रर्णालीमा आवद्ध गरी **Tulsipur Smart Taxpayer Card** बितरण र प्रयोगको लागि वजेट  बिनियोजन गरिएको छ ।

(१०७) बढि कर तिर्ने करदाता सम्मान र प्रोत्साहन कार्यक्रमका लागि रु ५० हजार विनियोजन गरिएको छ ।

(१०८) तुलसीपुर उपमहानगरपालिका भित्र लिइने सबै करहरुलाई एउटै प्रणालीमा आवद्ध गर्नका लागि आवश्यक सफ्टवेयर खरीद गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

(१०९) राजश्वका श्रोत पहिचान तथा संकलन कार्यलाई मुर्त रुपदिन राजश्व सुधार कार्ययोजना निर्माणका लागि वजेट बिनियोजन गरिएको छ ।

**भूमी व्यवस्था तथा नाप नक्सा**

(११०) भूमी समस्या समाधान आयोगसँगको सहकार्यमा जग्गाविहिन, भूमिहिन सुकुम्बासीहरुलाई लालपूर्जा वितरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

(१११) यस पालिकाको भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गरिएको छ ।

(११२) सरकारी सार्वजनिक जग्गाको अभिलेखिकरण तथा संरक्षणका लागि यस पालिका भित्रका जग्गाको जी. आइ. एस. नक्सांकन गर्न तथा डिजिटल अभिलेख तयार पार्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

(११३) सुकुम्बासी पहिचान एवम् तथ्यांक संकलनका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

(११४) नदीजन्य कटान बाढी पहिरो, आगलागी लगाएतका प्राकृतिक र मानविय कारणले भएको क्षतिको लगत संकलन कार्यलाई निरन्तरता दिन आवश्यक वजेट बिनियोजन गरिएको छ ।

(११५) भूमि करलाइ वैज्ञानिक र प्रभावकारी बनाउनुका साथै राजश्व वृद्धिमा टेवा पु¥याउन बाटोको लगतकट्टा कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरिएको छ ।

(११६) जी.आई.एस. लगायत अन्य आवश्यक सफ्टवेयर तथा मेसीनरी औजार खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**वन वातावरण तथा विपद् व्यवस्थापनः**

**वातावरण तथा जलवायुः**

(११७) जैविक विविधताको संरक्षण, सम्बर्द्धन र विकास (ताल, भूक्ष्य रोकथाम तथा नियन्त्रण, रैथाने वनस्पति र जीवजन्तुको संरक्षण, पानी मुहान संरक्षण लगायतका प्राकृतिक सम्पदाको संरक्षणको लागि रकम विनियोजन गरिएको छ ।

(११८) वनजंगल, वन्यजन्तु, चराचुरुंगी, जलउपयोग, जैविक विविधता र वातावरण संरक्षणका लागि आवश्यक पर्ने रकमलाई निरन्तरता दिइएको छ ।

(११९) '**एक सामुदायिक वन, एक वनउद्यान, एक पानी पोखरी'** अभियान सञ्चालन गरी पर्यापर्यटनमा टेवा पु¥याइ जैविक विविधताको संरक्षणका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

(१२०) नगरलाई हरियाली, वातावरणमैत्री र स्वच्छ वनाउनका लागि वर्षदिन भरिमा वृक्षारोपण कार्यक्रम सञ्चालन र क्लिन तुलसीपुर, ग्रीन तुलसीपुर अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

(१२१) नमुना नर्सरी विकास र सामुदायिक वन सम्बन्धि वन विज्ञानमा स्नात्तकोत्तर गरीरहेका लागि प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

(१२२) जलवायु परिवर्तन, विश्व तापक्रम वृद्धि रोकथाम, न्युनिकरण तथा अनुकुलन योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

**विपद् व्यवस्थापन**

(१२३) आपतकालिन कार्य संचालन केन्द्रलाइ पूर्णकालिन संचालनका लागि आवश्यक वजेटको व्यवस्थापन गरिने छ ।

(१२४) विपद् पूर्व तयारी, खोज, उद्दार तथा राहत कार्यलाई प्रभावकारी वनाउन आवश्यक सामग्री खरिदका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

(१२५) विपद जोखिम न्युनीकरण, उद्दार, राहत, पुर्नस्थापन लगायतको कामका लागि विपद् व्यवस्थापन कोष सञ्चालन गर्न वजेट विनियोजन गरिएको छ ।

(१२६) समुदाय, वडा र नगरस्तरमा विपद् नमुना अभ्यास, विपद्को लेखाजोखा, विपद् प्रतिकार्य तालिमका लागि रकम विनियोजन गरिएको छ ।

(१२७) विपतको लागि एकिकृत सूचना प्रणाली संचालन गर्न वजेट व्यवस्था गरिएको छ ।

(१२८) आगलागि नियन्त्रणका लागि प्रविधियुत्त थप १ दमकलको व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिने छ ।

## सरसफाई तथा फोहोरमैला व्यवस्थापन

(१२९) नगरको फोहोरलाई मोहोरमा बदल्न र  दीर्घकालीन व्यवस्थापन गर्न दिर्घकालिन ल्याण्डफिल साइटको व्यवस्था र फोहोरलाई वर्गीकरण तथा व्यवस्थापनका लागि  आवश्यक व्यवस्था गरिने छ ।

(१३०) बेवारिसे लाश र मरेका चौपायाहरुको तत्काल व्यवस्थापन गर्न रकम विनियोजन गरिएको छ ।

(१३१) अस्थायी ल्याण्डफिल साइटको मर्मत तथा व्यवस्थापनमा आवश्यक बजेट विनियोजन गरिएको छ ॥

(१३२) आकस्मिक नाला सरसफाई कार्यक्रमको लागि रु. १० लाख विनियोजन गरिएको छ ।

(१३३) फोहोरलाइ वर्गिकरण गरि सोको व्यवस्थापन गर्न वजेट व्यवस्था गरिएको छ ।

(१३४) तुलसीपुर उपमहानगरपालिकाको सौन्दर्यकरणका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।

## संस्थागत विकास तथा सुशासनः

## प्रशासन तथा जनशक्ति विकास

(१३५) सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन कार्यालय अटोमेसन र प्रविधि विकासको लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

(१३६) सुशासन प्रवर्द्धन, कर्मचारी र जनप्रतिनिधिको क्षमता विकासका लागि आवश्यक विनियोजन गरिएको छ ।

(१३७) नगरका लागि महत्वपूर्ण योगदान पुचाउने कर्मचारी, समाजसेवी, राष्ट्रिय ख्याती प्राप्त व्यक्तिलाई तुलसीपुर सिटी मेडल तथा विभुषण प्रदान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

(१३८) करार कर्मचारीहरु सवैको पोसाक भत्ताको व्यवस्था गरिएको छ । अस्थायी, करार र दैनिक ज्यालादारी कर्मचारीहरुको लागि कर्मचारी सुरक्षा कोष स्थापनाको लागि  आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(१३९) उपमहानगरपालिकाको चल अचल सम्पत्ति, सार्वजनिक जग्गा,सार्वजनिक सम्पत्ति, सार्वजनिक भवन, पूर्वाधार संरचनाहरुको अध्यावधिक गर्न सम्पत्ती व्यवस्थापन कार्ययोजना बनाई लागु गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

(१४०) अन्तर पालिका र विभिन्न निकायहरुसंग सहकार्य अन्तरक्रिया तथा समग्र कार्यक्रमको अनुगमन समन्वय, संचालन र परिचालन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

(१४१) सामाजिक लेखा परिक्षण, तेश्रो पक्षको मुल्यांकन र स्थानीय तह संस्थागत स्व मुल्यांकन गर्न आवश्यक वजेट व्यवस्था गरिएको

(१४२) सार्वजनिक सुनुवाइ र वार्षिक समिक्षा संचार माध्यमवाट समेत प्रशारणका लागि वजेट व्यवस्था गरिने छ ।

**शान्ति तथा सुव्यवस्थाः**

(१४३) तुलसीपुर नगर प्रहरी व्रिगेड, उत्पादन निर्माण तथा सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**वित्तिय सुशासन**

(१४४) तुलसीपुर उपमहानगरपालिकालको समग्र वित्तिय सुशासन सुधारका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

(१४५) आ.ब. २०७८।०७९ मा सम्झौता भई काम सम्पन्न हुन नसकेका बहुबर्षिय आयोजनाहरुलाई निरन्तरता दिदै सो आयोजनाहरुको रकम भुक्तानी गर्न ३० करोड बजेट विनियोजन गरिएको छ । यसरी आ.ब.२०७८।०७९ मा भुत्तानी हुन नसकी दायीत्व सरीजाने रकम भुक्तानी गर्ने व्यवस्था गरिएको छ ।

(१४६) आ.ब. २०७८।०७९ मा वित्तिय सुशासन कायम गर्न पालिकाबाट आफ्नै सार्वजनिक खरिद नियमावली, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमाली र खर्च सम्बन्धि कार्य सञ्चालन निर्देशिका निर्माण गरिएकोमा उक्त नियमाली तथा निर्देशिकाहरुलाई कडाईका साथ कार्यान्वयनमा लगिने छ ।

(१४७) आ.व. २०७९।८० मा उपमहानगरपालिकाको भुक्तानी दिदा पुर्व आन्तरिक लेखापरिक्षण गरेर मात्र भुक्तानी गरिने व्यवस्था गरिने छ ।

**आन्तरिक व्यवस्थान तथा खरिद**

(१४८) तुलसीपुर उपमहानगरपालिकाको सम्पत्ति संरक्षण तथा अद्यावधिक गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(१४९) तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक व्यवस्थापन चुस्त र दुरुस्त र पारदर्शीका साथै सेवाग्राही मैत्री वनाउन आवश्यक सामग्री खरीद तथा व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

(१५०) विधुतीय वोलपत्र (E-BIDDING) प्रणाली मार्फत खरिद प्रक्रियालाइ प्राथमिकता दिइने छ ।

**यान्त्रिक व्यवस्थापन**

(१५१) नगरकार्यपालिका अन्तर्गतका सबै यान्त्रिक साधनहरुमा जी.पी.एस. ट्र्याकिङ्ग प्रणाली जडान र अद्यावधीक गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

(१५२) तुलसीपुर उपमहानगरपालिकामा रहेका यान्त्रिक साधानहरुको मर्मत सम्भारमा प्रभावकारीता ल्याउन अटो वर्कसप स्थापना तथा सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ ।

**कानुनी मामिला तथा न्यायिक समितिः**

(१५३) तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिको न्याय सम्पादनलाई छिटो, छरितो, सरल र प्रभावकारी वनाउन मेलमिलापकर्ताको व्यवस्थाका लागि रकम विनियोजन गरिएको छ ।

(१५४) वडा मेलमिलाप केन्द्र स्थापना गरि न्याय प्रणालीलाई सुदृढ बनाउन  बजेट विनियोजन गरिएको छ ।

(१५५) म्याद तामेलदार, मेलमिलापकर्ता, मनोसामाजिक परामर्शकर्ता, जनप्रतिनिधि,कर्मचारीको क्षमता अभिवृद्धिका लागि  विनियोजन गरिएको छ ।

(१५६) उपमेयर लैंगिक हिंसा सुरक्षा कार्यक्रम र सुरक्षा घर (सेफ हाउस) सञ्चालनका लागि रकम विनियोजन गरिएको छ ।

**योजना तर्जुमा तथा कार्यान्वयनः**

(१५७) तुलसीपुर उपमहानगरपालिकाको योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्न आवश्यक सफ्टवेयर खरिद गर्न  बजेट विनियोजन गरिएको छ ।

(१५८) उपभोक्ता समिति गठन, परिचालन तथा क्षमता विकासको लागि  बजेट विनियोजन गरिएको छ ।

(१५९) मध्यकालिन खर्च संरचना तयार गर्न  बजेट व्यवस्था गरिएको छ ।

**पूर्वाधार विकासः**

**भवन, आवास तथा सहरी विकासः**

(१६०) मा.वि. दोघरे स्कुलको भवन निर्माण गर्न थप रु. १ करोड ३० लाख वजेट विनियोजन भएको छ ।

(१६१) शहरी विकास कार्यक्रमका लागि उरहरी चोक देखि दामोदर मार्ग छुने सडक तथा नाला निर्माणको लागि रु. ४९ लाख वजेट विनियोजन भएको  छ ।

(१६२) वस्ती विकास कार्यक्रम अन्तरगत तुलसीपुर ६ मानसरोवर होटल चोक देखि उतर पुर्व सडक स्तरउन्नतिका लागि रु.५० लाख वजेट विनियोजन गरिएको छ । बेलुवा भद्रकाली सडक तु.उ.न.पा. ९ को सडक स्तर उन्नतिका लागि रु. ५० लाख वजेट विनियोजन भएको छ ।

(१६३) सुरक्षित नागरिक आवास कार्यक्रमवाट ११०५ घरधुरीलाइ खरको छानो विस्तापन गर्न रु. २ करोड ३३ लाख वजेट विनियोजन भएको छ ।

(१६४) मेटो कलेजको भवन निर्माण गर्न समपुरक वजेटवाट रु. १ करोड ६० लाख र वडा कार्यालय भवन निर्माण गर्न वडा नं. ४,१३ र १९ को लागि समपुरक वजेटवाट रु. १ करोड ६० लाख वजेट विनियोजन गरिएको छ  ।

(१६५) भवन नक्सा पास प्रक्रियामा विद्युतिय प्रणाली अवलम्बन गरी छिटो छरितो सेवा प्रवाह गर्दै पुराना मिसिलहरुलाई विद्युतिय अभिलेखिकरण  गर्ने कार्यको सुरुवातका लागि रकम विनियोजन गरिएको छ ।

(१६६) स्मार्ट सिटी, मेगासिटी परियोजना, सघन शहरी विकास कार्यक्रम, स्पोर्ट सिटी कार्यक्रम, नगर गुरुयोजना अनुसारका परियोजनाहरु समेटेर परियोजना पुस्तिका तयार गरिनेछ । उपरोक्त आयोजनाहरु संघ तथा प्रदेश सरकारको सहयोग, निजी, सहकारी तथा समुदायको सहकार्यमा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

(१६७) तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ दोघरेमा स्थित दोघरे जग्गा एकिकरण ( ल्याण्डपुलिंग) कार्यक्रम नमुना प्लानिङ स्थल भित्र **सडक कालोपत्रे** लगायत व्यवस्थीत शहरी विकासका लागी आवश्यक वजेट व्यवस्था गरिने छ ।

(१६८) मेयर सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिन खरको छानो विस्थापनका लागि आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

(१६९) तुलसीपुर उपमहानगरपालिकाका नागरिकलाई पूर्वाधार सम्वन्धि शिक्षा प्रदान गर्न जनतासँग प्राविधिक कार्यक्रमका लागि चाहिने रकम छुटयाइएको छ ।

(१७०) जग्गा एकिकरण सम्बन्धि सम्भाव्यता अध्ययन -Feasibility Study)गर्न आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

**यातायात पूर्वाधार**

(१७१) तुलसीपुर उपमहानगरपालिकाले निर्माण गरेको सडकहरुको  लगतकट्टा गर्न रकमविनियोजन गरिएको छ ।

(१७२) वातावरणमैत्री सडक निर्माण गरी तुलसीपुरलाई हरित शहरका रुपमा विकास गर्न आवश्यक पर्ने उचित रकम छुटयाइएको छ ।

(१७३) उज्यालो शहर, अपाङ्गमैत्री सडक तथा Safe and sustainable travel city को रुपमा तुलसीपुर उपमहानगरपालिकालाई विकास गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

(१७४) संघ तथा प्रदेश सरकारसँग समन्वय गरी समपुरक र विशेष अनुदानमा कार्यक्रम आयोजना सञ्चालन गर्न उपमहानगरपीलकाले आवश्यक वजेट विनियोजन गरिएको छ ।

**संचार तथा सुचना प्रविधि र स्मार्ट तुलसीपुर**

(१७५) रेडियो तथा टेलिभिजन कार्यक्रम निर्माण, तुलसीपुर मासिक बुलेटिन प्रकाशन, हेलो मेयर टोल फ्रि हटलाइन सञ्चालन, सञ्चारकर्मीको स्वास्थ्य विमा, लोककल्याणकारी विज्ञापन वितरणका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

(१७६) विभिन्न नीति योजना, कार्यक्रम तथ्यांक संकलनका लागि गणना तथा सर्वेक्षण कार्यक्रममा आवश्यक वजेट विनियोजन गरिएको छ।

(१७७) सूचना र प्रविधि मैत्री उपमहानगरपालिका वनाउनका लागि विभिन्न मोवाइल एप्लिकेसन्स र सफ्टवेयर खरिदका लागि आवश्यक विनियोजन गरिएको छ।

(१७८) वडा तथा नगर स्तरिय सार्वजनिक सुनुवाई, नागरिक निगरानी समुह परिचालन र कार्यक्रमका लागि आवश्यक रकम विनियोजन विनियोजन गरिएको छ।।

**उर्जा विकास**

(१७९) **"उज्यालो तुलसीपुर"** अभियानलाई सफल पार्न १ मेगावाट सौर्य उर्जा उत्पादन तथा विस्तारको सम्भाव्यता अध्ययन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ।

(१८०) तुलसीपुर उपमहानगरपालिकाको वडा नं १, ३, ४ र १९ का अग्ला स्थानहरुबाट वायु उर्जा उत्पादनका गर्न सम्भाव्यता अध्ययनका लागि आवश्यक व्यवस्था गरिएको छ।

(१८१) बायोग्यास, सुधारिएको चुलो, फोहरबाट उर्जा उपयोग गर्ने घर परिवारलाई प्रोत्साहन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ।

(१८२) तुलसीपुर उपमहानगरपालिकाको मुख्य बजार क्षेत्रमा रहेका विद्युत टेलिफोन र केवुलका तारहरुलाइ भूमिगत गर्न डिपिआर निर्माणका लागि वजेटको व्यवस्था गरिएको छ।

**सिचाँई तथा खानेपानी**

(१८३) खेतीयोग्य सबै जमिनमा सिचाई सुविधा विस्तार,पानी भण्डारण क्षमता बृद्धि, डिपवोरिंग, पानीका स्रोत संरक्षण र नगरका साना खोलाहरुमा हार्भेष्टिङ ड्याम निर्माणका लागि आवश्यक व्यवस्था गरिएको छ।

(१८४) संघ र प्रदेश सरकारको समन्वयमा ग्वारखोला र पातुखोलामा हाईड्याम निर्माण गरी सिचाई सुविधा बिस्तारका साथै आकाशेपानी संकलन गरी सिचाई पोखरी निर्माण र परम्परागत पोखरीहरुको संरक्षण तथा विस्तारका लागि आवश्यक व्यवस्था गरिनेछ।

(१८५) सुख्खा क्षेत्रमा आकाशे पानी संकलन प्रविधिलाई विकास गर्नका लागि आवश्यक वजेट विनियोजन गरिएको छ।

(१८६) किसानहरुलाई बाह्रै महिना सिचाइ सेवा उपलब्ध गराउनका लागि सिँचाई मिटर जडान, स्यालो ट्युववेल तथा डिपवोरिङ्गमा सिँचाइ मोटर जडान गरेका किसान तथा व्यावसायिक पशुपालन र माछापालन गर्दै आएका किसानहरुलाई फागुन, चैत, वैशाख, जेठ महिनाका लागि विद्युत महसुलको ५० प्रतिशत अनुदान उपलब्ध गराउनका लागि रकम विनियोजन गरिएको छ ।

(१८७) एक घर एक धारा अभियानलाई अगाडी वढाउनका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

**आन्तरिक व्यवस्थापन तथा खरीद**

(१८८) नगर कार्यपालिका कार्यालयको आन्तरिक व्यवस्थापन चुस्त र दुरुस्त र पारदर्शीका साथै सेवाग्राही मैत्री वनाउन आवश्यक सामग्री खरीद तथा व्यवस्थापनका लागि रु १ करोड विनियोजन गरिएको छ ।

(१८९) कर्मचारी तथा जनप्रतिनिधिको सामुहिक तथा म्यादी विमा कार्यक्रमका लागि आवश्यक वजेट व्यवस्थापन गरिएको छ ।

**विविध**

(१९०) नगर विकास कोष, युएनसिडिएफ, तयार नेपाल, साझेदारी कार्यक्रम, युनिसेफ, जिआइजेड, युएसआइडी, डिएफआइडि, सुरक्षित आप्रवासन कार्यक्रम (सामे), बेस नेपाल लगायतका संघ संस्थाहरुको साँझेदारीमा सञ्चालन गरिने कार्यक्रमहरुमा सहकार्य गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

**नगरसभा अध्यक्षज्यू, सभासद्ज्यूहरु,**

माथि उल्लेखित वजेट र कार्यक्रमहरुको अतिरिक्त आन्तरिक आय, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र बाँडफाँड रकम, आन्तरिक ऋण समेतको विष्तृत विवरण यसै साथ संलग्न गरिएको छ । संलग्न आय, व्यय र योजनाको विवरणहरुलाई आर्थिक ऐन र विनियोजन विधेयकको अंगका रुपमा समावेश गरिएको छ ।

अन्तमा 'समृद्ध तुलसीपुर : सबैका लागि, सँधैका लागि' भन्ने मुल अभियानमा यहाँहरु सवैको सहयोग र सहकार्यको अपेक्षा गर्दै आर्थिक बर्ष २०७९/८० को वजेट मन्तव्य यही अन्त्य गर्दछु ।

धन्यवाद